# २५. श्री शरद्चन्द्र शर्मा भट्टराई

*[संवत् २०५१ साल आश्विन २२ गते रोज ७ का दिन आयोजित समारोहमा 'माध्यमिक नेपाली गद्याख्यान' भन्ने ग्रन्थको लागि प्रदान गरिएको संवत् २०५० सालको 'मदन पुरस्कार' त्यसका रचयिता श्री शरद्चन्द्र शर्मा भट्टराईले ग्रहण गरेपछि व्यक्त गर्नुभएको उद्गार । यो उद्गार नेपाली त्रैमासिक अङ्क १४० बाट उद्धृत गरिएको हो । स्मरणीय छ, संवत् २०४५ सालमा पुरस्कार 'जगदम्बा-श्री' स्थापना भै प्रदान गर्न थालिएपछि समारोहमा दुवै जना पुरस्कार प्राप्तकर्ताले बोल्ने परम्परा कायम भएका थियो । तर त्यो साल 'जगदम्बा-श्री' पाउने तारादेवी अस्वस्थताको कारणले बोल्न सक्नुभएन र भट्टराईजीले नै उहाँको तर्फबाट पनि बोल्नुभएको थियो ।]*

सभाका श्रध्येय अध्यक्षज्यू, गुठीका आदरणीय सदस्यज्यूहरू, नेपाली वाङ्मयका प्रेमी-सेवी महानुभावहरू, एवं अभिनन्दीय तारादेवीज्यू !

यस समारोहमा म आफ्ना सम्मुख मेरा अग्रज, दौँतर र अनुज, वाङ्मयका महारथीहरूलाई देख्तै छु । उमेरमा जेठा, कान्छा जो जे भए पनि सबै नै नेपाली वाङ्मयका प्रेमी, सेवक, साधक र उपासक हुनुहुन्छ । कतिले मलाई हौसला, स्नेह र सद्भावना दिनुभएको छ । कतिका लागि चाहिँ म अझै अपरिचित अनुहार नै छु। तर परिचित-अपरिचित सबै नै मेरा श्रद्धेय हुनुहुन्छ, यसैले सर्वप्रथम सबैलाई 'बाह्र राजा एकै स्वस्ति' को परिपाटि लिएर 'नमस्कार' अर्पण गर्दछु ।

अन्तर्मुखी प्रवृत्तिको मान्छेलाई सर्वाजनिक भेलामा (झन् त्यसमाथि आफ्नै समेत सम्मान गर्न लागिएको समारोहमा) उभिएर आफ्नो गन्थन खुलस्त रूपमा राख्न धकै लाग्ने गर्छ । ममा पनि कताकता सो प्रवृत्तिगत ग्रन्थिकै असरले गर्दा हो अथवा हर्षातिरेकको स्थितिले गर्दा हो, आफ्ना कुरा केबाट सुरु गर्ने, के भन्ने, कसरी भन्ने, अनि कसरी तुर्ने भन्ने अन्यौलले गर्दा केही असजिलो अनुभव भइरहेको छ । जे होस्, धन्यवादज्ञापन र आभार-प्रदर्शनबाट कुराको उठान गर्नु स्वाभाविक र अपरिहार्य हुने हुँदा पहिले यही औपचारिकताका कुरा गर्नपट्टि अभिमुख हुन्छु ।

रकममा 'मदन पुरस्कार'लाई उछिन्ने हाल अन्य पुरस्कार देखा परे पनि नेपालको जेठो र स्थापित पुरस्कारको रूपमा 'मदन पुरस्कार'को गरिमा अप्रतिम छ। यस्तो पुरस्कार पाएर को धन्य हुँदैन? म पनि धन्य भएको छु। छात्रावस्थामा २००६ र २००८ सालमा क्रमश: अन्तर हाई स्कूल र अन्तर कलेज निवन्ध प्रतियोगितमा प्रथम भएबापत 'सुवर्ण पदक' पाएर साहित्य सेवामा अग्रसर हुन मलाई विशेष हौसला मिलेको हो। पुरस्कारको हकमा २०४२ सालमा 'ऊपट पुरस्कार' पाएबाहेक अन्य पुरस्कार नपाएको म जस्तो अचर्चित व्यक्तिले 'मदन पुरस्कार' जस्तो गरिमामय पुरस्कार पाउनु त्यसै पनि मेरा लागि 'नोवेल पुरस्कार' पाए जस्तै सुखकारक भएको छ। मलाई यो खुसीको अनुभूति अवसर दिएको छ, 'माध्यमिक नेपाली गद्याख्यान' (२०५० ले। यसैले यस कृतिको निर्माण एवं प्रकाशनमा ज-जसले मलाई प्रत्यक्ष-अप्रत्यक्ष रूपमा सघाउ पुऱ्याए, ती सवै मेरा हितचिन्तक मित्र एवं संस्थाहरूप्रति यहाँ अहिले आभार प्रकट गर्नु मेरो पहिलो कर्तव्य हो भन्ने मान्दछु र आभार प्रकट गर्दछु। सो पुस्तक लेखनको पृष्ठभूमि, मेरा कमी-कमजोरीबारे उक्त पुस्तकको 'प्राक्कथन'मा प्रकाश पारिसकेको हुँदा यहाँ पिष्टपोषण नगरौं। त्यसपछि धन्यवादार्ह छ मदन पुरस्कार गुठी नै, जसको पुरस्कार निर्णय समितिले मलाई यो हर्षको अवसरतर्फ उन्मुख गराएको छ। यसैले दोस्रो र वजनदार धन्यवाद गुठीलाई दिन्छु।

मदन पुरस्कार गुठीको अठतीस वर्षे सुनौलो कार्यावधिमा यसले अहिलेसम्म पचासभन्दा वढी वाङ्मयसेवीलाई उनीहरूका योगदानका निम्ति कदर, अभ्यर्थना गरिसकेको छ। कदरको यही श्रृङ्खलामा जोडिन आउने म एउटा अकिञ्चन व्यक्ति मात्रै हुँ। म आफूलाई सिर्जनशील लेखक कम र अनुसन्धानकर्मी बढी भएको मान्दछु। मदन पुरस्कारबाट पुरस्कृत ग्रन्थहरूका किसिमको वर्गीकरण गरी हेर्दा साहित्यपरक ग्रन्थहरूमा समालोचना, नियात्रा, अन्तर्वार्ता एवं साहित्यिक शोध प्रबन्ध थोरै र वढी सङ्ख्या कविता, कथा, उपन्यास जस्ता विविध लोकप्रिय विधाकै रहेको स्पष्ट अनुभव हुन्छ। 'जोशमनि सन्त परम्परा र साहित्य' (२०२०) र 'नेपाली भाषा र साहित्य' (२०२१)लाई पनि क्रमश: 'समाज शास्त्र' र 'गद्य ग्रन्थ' भनिएपछि विशुद्ध अनुसन्धानपरक ग्रन्थको स्थिति के रहेछ भन्ने कुरा छर्लङ्ग हुन्छ। यस्तो स्थितिमा पुरस्कारका निम्ति 'माध्यमिक नेपाली गद्याख्यान'को छनोट हुनुलाई मैले उपेक्षित प्राय: अनुसन्धान विधा नै पुरस्कृत भएको र यस क्षेत्रमा लाग्नेहरूलाई प्रोत्साहनको खुराक मिल्न गएको छ भन्ने ठानेको छु।

प्राय: सबैको साहित्यमा प्रवेश कविता-लेखनबाट हुने विश्वजनीन परिपाटीबाट अलग्ग हुन नसकेर होला प्रारम्भमा म पनि कविता कोर्ने गर्दथें। पिङ्गलका नियम नजानीकन रहरै रहरमा लेखिएका कविताले मलाई सन्तोष दिन सकेनन् र ती छापिएनन् पनि। प्रारम्भमा केही कथा एवं एकाङ्की छापिए पनि पछिका समयमा म

निबन्ध-प्रबन्ध लेखनतर्फ विशेष लहसिन पुगें। नेपाली भाषा साहित्यका श्रीवृद्धिका निम्ति हुरुक्क हुने मेरा कुनै बेलाका सहकर्मी गोपाल पाँडे 'असीम' का शब्दमा भन्ने हो भने म 'पद्' (पद्य लेखक) नभएर गद् (गद्य लेखक) भएँ भन्नुपर्छ। २००४ सालतिरदेखि लेखनतर्फ रुचि जागेको भए पनि मेरा रचनाको प्रकाशनारम्भ 'आँखा' पत्रिका (२००६, जेठ) मा छापिएको 'आदर्श बालक' शीर्षक लेखबाट भएको हो। पुस्तकाकारमा पहिलो प्रकाशित कृतिचाहिँ 'बसाइँ परिचय' (२०१८) हो। सङ्ख्याकै कुरा गर्दा प्रकाशित पुस्तक तीन दर्जनजति भए पनि नेपाली वाङ्मयलाई खास टेवा पुऱ्याउन सक्ने र मलाई सन्तोष दिने पुस्तकचाहिँ आठ-दस मात्रै होलान्। फुटकर लेख पनि दुई सय जति छापिए होलान्। अर्को किसिमले भन्ने हो भने ३।४ ओटा सङ्कलन छाप्न पुग्नेछन् ती लेखहरू। खोजीमेलीसँग सम्बन्धित छन् ती रचनाहरू। छिटै पाठकसमक्ष आउन लागेको सम्पादित कृतिचाहिँ हो 'जोगमण्डलीका कवि र कविता'।

२०३३ सालपछिको समयमा मैले रोजेको क्षेत्र खोजमेलको फाँट हुन गयो। यस फाँटको महत्त्वतर्फ ध्यान आकृष्ट गर्नेमध्ये माध्यमिक कालमा मोतीराम भट्ट अग्रणी पुरुष थिए भने हाम्रो युगमा फाँटलाई गोडमेल गरी समुन्नतिको बाटो देखाउने बाबुराम आचार्य अनुसन्धानका मार्गदर्शक आचार्य नै भए। उनैले निर्देश गरेको मार्गमा हिँडेर हाम्रो युगमा सर्वश्री सूर्यविक्रम ज्ञवाली, ईश्वर बराल, कमल दीक्षित, जनकलाल शर्मा, बालकृष्ण पोखरेल, ज्ञानमणि नेपाल, जगदीशचन्द्र रेग्मी आदिले नेपाली साहित्येतिहाससम्बन्धी अनेक अन्योलका गाँठा फुकाइदिएका छन् भने विगतका अनेक अँध्यारा पाटामा जानकारीका रश्मि छरिदिएका छन्। तैपनि अनेक कुरामा अझै पनि 'थाहा छैन' भन्नुपर्ने स्थिति कायमै छ भने भाषाको इतिहास हजार वर्षको भए पनि लिखित साहित्यको इतिहास अझै पनि दुई-अढाई सय वर्षमा खुम्चिएको स्थितिलाई हामीले फराकिलो पार्न सकेका छैनौं। यस कुराले अनुसन्धानमा चासो राख्नेहरूलाई सधैं हाँक दिइ नै रहन्छ। यस्तै हाँकबाट रन्थनिएर आफ्ना सीमित ल्याकत, समय र साधनलाई सो क्षेत्रमा समर्पित गरेर केही गर्न सकिन्छ कि भनी म लागिपर्दै छु। अघिल्लो पीँढीका मार्गदर्शक अनुसन्धातामा हाल केही शैथिल्य र निरन्तरतामा कमी देखा पर्न थालेको कुराले नमज्जाको अनुभव गर्न परे पनि यस मार्गमा देखा पर्न थालेका अनुसन्धाताको नयाँ छिमललाई सहयात्रीको रूपमा पाउँदा केही सन्तोष र उत्साह सञ्चार हुन्छ।

वर्तमान भूतको जगमा खडा भएको छ भने वर्तमानलाई माया गर्नेले विगतलाई उपेक्षा गर्न मिल्दैन। यसैले इतिहासबाट पीडित नहुने हो भने 'उहिलेको कुरा खुइले' भन्न हुँदैन। अनुसन्धान वस्तुपरक र स्तरीय छैन भने गुणात्मकताको वृद्धि गर्ने चाँजो मिलाउनुपर्छ, अनुसन्धानलाई 'थोत्रा वा भाङ्ग्ना बटुल्ने काम' भनेर त्यसको अवमूल्यन गर्नुचाहिँ हुँदैन, मोतीराम भट्टले भानुभक्तका रचनालाई थोत्रा वा थाङ्ना भनेर नबटुलेका भए हाम्रो कति ठूलो क्षति हुने थियो; भानु 'भानु' हुन सक्ने थिएनन्, मोतीराम नेपाली वाङ्मयका 'मोती' हुन सक्ने थिएनन्।

अनुसन्धानसम्बन्धी मेरा मूल्य, मान्यता विकासस्थिति, उपलब्धि-अनुपलब्धि, समस्या र समाधानका उपाय विषयक मैले मेरा सीमित अध्ययनअनुसारका विचार 'मधुपर्क' (असोज, २०५०)मा प्रकाशित 'साहित्यानुसन्धान: विकासक्रम, समस्या र समाधान' शीर्षक आवरण लेखमा राखेकै छु। यसैले यहाँ विस्तारमा गन्थन नगरौं।

मदन पुरस्कार गुठी मेरा लागि नौलो संस्था होइन। यो मलाई अनेक किसिमले हौसाल दिने संस्था हो। वस्तुत: गुठीकी संस्थापिका सम्माननीया रानी जगदम्बा मेरो मात्र होइन, नेपाली भाषाभाषी मात्रकी श्रद्धापात्र हुनुहुन्छ। यसैले मैले गुठीको उत्तरोत्तर विकासको चाहना राख्नु स्वाभाविकै हो। २०१८-१९ सालमा नेपालीमा एम.ए. पढ्दै गर्दा यसले आर्थिक टेवा दिएर, अध्ययन-सुविधा दिएर सघाएको थियो भने अनुसन्धानतर्फ 'चाख' बढेपछि पुस्तकालयको ढोका खोलिदिएर ज्ञानसागरमा डुबुल्की मार्ने पूरापूर अवसर दिएको थियो। प्राप्त अवसरबाट चाहिँदो लाभ मैले उठाउन सकें, सकिनं भन्ने कुरा बेग्लै हो। जे होस्: मदन पुरस्कार गुठीले गरेका सहयोग प्रोत्सहानबाटै म अहिले जे जस्तो छु सो रूपमा उभिएको छु। यति भन्दा मदन पुरस्कार गुठीको बढी प्रशंसा गरेको ठहरिनेछैन।

उमेरको त्रिसट्ठीको हद पुगेर चालीस वर्षीय अध्यापकीय सेवाबाट अवकास पाएको पनि झन्डै एक वर्ष बित्न लागेको छ। आफ्नो बाँकी जीवनलाई नेपाली वाग्देवीकै उपासना गरेर बिताउन पाऊँ भन्ने अठोट राखेको छु। सबै हितचिन्तकको शुभेच्छा मलाई यही कुरामा प्राप्त होस्!

यही समारोहमा स्वरको माध्यमबाट विगत चालीस वर्षदेखि अथक साधनाद्वारा गायनकलामा उत्कृष्टता हासिल गरी नेपाली सङ्गीत र भाषालाई स्वदेश र विदेशमा समेत परिचित गराउने र सङ्गीतको माधुर्यद्वारा नेपाली वाङ्गमयको श्रीवृद्धिमा उल्लेखनीय योगदान पुऱ्याउने गायिका श्रीमती तारादेवीज्यूलाई २०५० सालको 'जगदम्बा श्री' पुरस्कारले सम्मानीत गरिएको छ। सङ्गीतको मर्मज्ञ नभए पनि सङ्गीतप्रेमीको नाताले म उहाँको प्रशंसा गर्दछु। स्वरसम्राट्को ख्याति पाएका नारायणगोपाल गुरुवाचार्यले पाएको गरिमामय 'जगदम्बा-श्री पुरस्कार' पाउने दोस्रो व्यक्ति उहाँ हुनुको अर्थ ठूलो महत्त्व छ। 'स्वरकिन्नरी'को उपाधि निम्ति साँच्चिकै उपयुक्त तारादेवीज्यूमा म साधुवाद टक्र्याउँछु। मैले यसरी व्यक्तिगत रूपमा उहाँको अभिवादन गर्दा पनि उहाँको तर्फबाट आज मैले गर्नुपर्ने कर्तव्य अलिकति बाँकी नै रहेको देख्छु। उमेरले गर्दा मेरी बहिनी र शिष्या तर प्रतिभाका कारणले साङ्गितिक क्षेत्रकी आदरणीय दिदी, तारादेवीले यस समारोहमा मैले उहाँको तर्फबाट पनि बोलिदिने आग्रह गर्नुभएको थियो, त्यो अब म गर्दै छु। मैले माथि मदन पुरस्कार गुठी, यसकी यशस्वी संस्थापिका तथा सदस्यज्यूहरूप्रति व्यक्त गरेका उद्गारहरूमा दिदी तारादेवीका पनि भावना व्यक्त भएका थिए भन्ने मानिदिनुहुन आग्रह गर्दछु। जगदम्बा-श्री को यस वर्षको छनोट समितिलाई

पनि, उहाँलाई एकमनले चयन गरेकोमा धेरै धन्यवाद छ । साथै श्रीमती तारादेवीका तर्फबाट यो एउटा वाक्य थप गर्न अनुमति चाहन्छु। तारादेवी भन्नुहुन्छ- "मलाई जगदम्बा-श्रीले आजीवन नेपाली भाषाको यसै गरी सेवा गरिरहन प्रेरणा र थप शक्ति प्रदान गरेको छ । धन्यवाद !" यो धन्यवाद तारादेवीज्यूको तर्फबाट भयो । आफ्नो मन्तव्यको क्रमलाई अब म यहीं टुङ्ग्याउँछु र मेरो आफ्नो तर्फबाट भन्छु धन्यवाद !

जय नेपाली वाङ्मय !

☒ ☒ ☒